कोशी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
विराटनगर, नेपाल

मा. गीता तिम्सिना
मन्त्री
सामाजिक विकास मन्त्रालय

पत्र संख्या : ०८३/०८४

चलानी नं.:

**हरितालिका तीजको शुभकामना सन्देश**

हरितालिका तीजको पावन अवसरमा सम्पूर्ण आमा, दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

नेपाली समाजमा धार्मिक, सांस्कृतिक तथा सामाजिक महत्त्व बोकेको हरितालिका तीजले आपसी सद्भाव, एकता र पारिवारिक सम्बन्धलाई अझ सुदृढ बनाउन प्रेरणा प्रदान गर्दै आएको छ। विशेष सांस्कृतिक पहिचान बोकेको यस पर्वले महिलाहरूलाई आफ्ना सुख-दुःख, भावना र अनुभवहरू एक-अर्कासँग साटासाट गर्ने अवसर प्रदान गर्नुका साथै हाम्रो सामाजिक तथा सांस्कृतिक पहिचानलाई जीवन्त राख्न महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ।

परम्परा र संस्कृतिको संरक्षणसँगै बदलिँदो समयअनुसार समाजमा विद्यमान असमानता, लैङ्गिक हिंसाजन्य अपराध तथा विभेदका विरुद्ध एकजुट हुँदै महिला अधिकार, समानता, सम्मान, आत्मनिर्भरता र नेतृत्व विकासलाई अघि बढाउनु आजको आवश्यकता हो। महिलाको समान सहभागिता र सशक्तीकरणबिना समुन्नत, समतामूलक र समृद्ध समाज निर्माण सम्भव छैन। यसर्थ, महिलाको सम्मान, सुरक्षा, शिक्षा, स्वास्थ्य, रोजगारी तथा आर्थिक आत्मनिर्भरतालाई प्राथमिकतामा राख्दै प्रदेश सरकार अघि बढिरहेको छ।

यस पावन पर्वले सम्पूर्ण आमा, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र आत्मविश्वास प्रदान गरोस्। हाम्रो मौलिक संस्कृति र परम्पराको संरक्षण गर्दै विकृति तथा आडम्बर मुक्त, सभ्य, सुरक्षित र समतामूलक समाज निर्माण गर्ने प्रेरणा मिलोस् भन्ने शुभेच्छासहित हरितालिका तीजको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

हरितालिका तीजको हार्दिक मंगलमय शुभकामना!

गीता तिम्सिना
मन्त्री

मिति : २०८३ भाद्र २९

Email : gitatimsina.koshi@gmail.com